नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना (निजामती)

## यस विभागबाट आ.व. २०७६।०७७ मा हुने खरिद कार्यमा सहभागी हुन सूचीकृत हुने सूचना

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार सार्वजनिक निकायबाट सोही ऐन बमोजिम हुने खरिद कार्यको लागि सम्बन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने व्यवस्था बमोजिम यस विभागबाट आ.व. २०७५।७६ मा तयार भएको मौजुदा सूची अद्यावधिक गर्न तथा आ.व. २०७५।७६ मा मौजुदा सूचीमा दर्ता नभएकाहरुले आ.व. २०७६।७७ मा नयाँ मौजुदा सूचीमा दर्ता हुन इच्छुक योग्य फर्म, संघ/संस्था वा व्यक्तिहरुलाई आफूले सूचीकृत हुन चाहेको कामको प्रकृति स्पष्ट रुपमा खोली यस विभागमा आवेदन गर्नुहुन सूचित गरिएको छ ।

(१) आवेदनका साथ निम्नानुसारका कागजातहरुका प्रतिलिपीहरु एक/एक प्रति संलग्न गरेको हुनुपर्नेछ ।

(क) आफ्नो फर्म दर्ता वा सम्बन्धित व्यवसाय वा सेवा गर्न प्राप्त नवीकरण भएको इजाजत पत्र,

(ख) मूल्य अभिवृद्धी करमा दर्ता भएको प्रमाणपत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,

(ग) प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने अघिल्लो आर्थिक बर्ष (आ.व. २०७४।७५) सम्मको कर चुक्ता गरेको प्रमाण,

(घ) व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र व्यक्तिगत स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी,

(ङ) नेपाल बाहिर दर्ता भएको संघ/संस्था वा विदेशी नागरिकको हकमा नेपाल बाहिर कारोबार गर्न पाएको स्वीकृती वा इजाजतपत्र,

(च) सूचीकृत हुन चाहेको समूहको कार्य सम्पादन गर्न योग्य र सक्षम रहेको व्यहोरा खुल्ने

कागजात वा प्रमाण ।

(२) आवेदनमा कुनै सार्वजनिक निकायसँग सम्झौता भएबमोजिम सम्पादन गर्न जिम्मा लिएको काम अधुरो छोडी वा कुनै सार्वजनिक निकायमा तिर्न बुझाउन बाँकी, कर, दस्तुर तथा दायित्व बाँकी नभएको एवं प्रचलित कानून बमोजिम त्यस्तो काम गर्न प्रतिबन्ध नलागेको वा कालो सूचीमा नपरेको भनी घोषणा आवेदकले गरेको हुनुपर्नेछ ।

(३) यस बमोजिम सूचीकृत हुँदैमा कुनै फर्म, संघ / संस्था वा व्यक्ति कुनै सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तोकेको योग्यता पुरा नगरी खरिद सम्बन्धी कारवाहीमा सहभागी हुन सक्ने छैन । मौजुदा सूचीमा सूचीकृत भएकाहरु मध्ये कार्यालयले आफ्नो आवश्यकता अनुसार खरिद कार्यमा सहभागी गराउन सक्नेछ ।

(४) सूचिकृत भएको फर्म, संघ / संस्था वा व्यक्तिले यस कार्यालयको खरिद सम्बन्धी कार्यमा संलग्न भएमा प्रचलित कानूनबमोजिम कर बिजक जारी गर्नुपर्नेछ ।

(५) सूचिकृत भएको कुनै फर्म, संघ/संस्था वा व्यक्तिले प्रचलित कानून एबमोजिम कुनै निकायमा सम्झौता गरी लिएको कुनै काम समयमै सम्पन्न नगरेको वा सही रुपमा नगरेको वा नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर तथा अन्य दायित्व नबुझाएको जानकारी सम्बन्धित निकायबाट प्राप्त भएमा जुनसुकै बखत सुचीबाट हटाउन सकिनेछ ।

(६) यस सूचनामा नपरेका अन्य कुराहरुका हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून बमोजिम हुनेछ ।

नेपाल सरकार
महिला, बालबालिका तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना (निजामती)
हरिहरभवन, ललितपुर